कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २३ | अंक: १८२ | वि.सं. २०८० असोज २६ शुक्रवार | नेपाल संवत: ११४३, असोज कृष्ण चर्तुदशी | Friday 13 Oct. 2023 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### सुरक्षित छैनन् वन्यजन्तु

# कर्णालीबाट चितुवा तस्करी धेरै

◣ पुनम वि.सी.
सुर्खेत, २५ असोज ।

गत वर्ष चितुवाको छाला तस्करी गरेको आरोपमा डिभिजन वन कार्यालय, सुर्खेतले ६ जना विरुद्द मुद्दा दायर गऱ्यो । सुर्खेतका चार जना र दैलेखका दुई जना विरुद्द कार्यालयले २०७९ जेठ २६ गते अदालतमा मुद्दा दायर गरेको थियो ।

मंसिर २९ गते फैसला गर्दै अदालतले चितुवाको छाला तस्कर गरेको आरोपमा उनीहरु सबैलाई जरिवाना सहितको सजाय गरेको थियो ।

२०७९ मंसिर २९ गते नै डिभिजन वन कार्यालय, भेरीले पाँच जना विरुद्द चितुवाको छाला नै तस्कर गरेको आरोपमा अदालतमा मुद्दा दायर गरेको थियो । दुईवटा फरक फरक मुद्दामा दैलेखका एक जनालाई प्रतिवादी बनाउदै कार्यालयले मुद्दा दायर गरेको थियो । दोस्रो मुद्दामा भने अछामका तीन जना र दैलेखका एक जना गरी चार जनालाई प्रतिवादी बनाइएको थियो । हाल यो मुद्दा फैसला हुन बाँकी नै छ ।

कर्णालीमा वन्यजन्तु चोरी सिकारीतर्फ १५ जिल्लाका तस्करहरु संलग्न छन् । कर्णालीका १० जिल्ला सहित छिमेकी प्रदेश लुम्बिनी र सुदुरपश्चिमबाट समेत तस्करहरु यहाँ वन्यजन्तुको चोरी सिकारीका लागि आई पुग्छन् ।

वन्यजन्तु सम्बन्धि अदालतमा परेका मुद्दाहरुमा खासगरी १२ प्रजातीका वन्यजन्तु सम्बन्धि मुद्दाहरु समावेश छन् । जसमध्य चितुवा सम्बन्धि मुद्दाहरुको संख्या धेरै नै छ । संख्यात्मक आधारमा हेर्दा चितुवा पछि पाटेबाघ, निर बिरालो, डाँफे र कालिज चोरी सिकारी सम्बन्धिका मुद्दाहरु अदालतमा परेका छन् ।

कर्णालीको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्यांक अनुसार विगत १२ वर्षको अवधिमा हालको कर्णाली प्रदेश क्षेत्रमा कुल एक सय १७ जना तस्करहरुलाई वन्यजन्तु सम्बन्धिका मुद्दाहरुमा अदालतमा उपस्थित गराइएको छ ।

मन्त्रालयले गरेको एक अध्ययन अनुसार वन्यजन्तु मुद्दामा संलग्न तस्करहरुको वर्गिकरण गर्दा सल्यान जिल्लाका सबैभन्दा धेरै सल्यानमा ३३ जना आरोपितहरु पक्राउ परेका छन् । त्यसैगरी जाजरकोटका १७ जना, कालिकोटका १० जना, मुगु र सुर्खेतमा आठ/आठ जना तस्करहरु पक्राउ परेको मन्त्रालयका सूचना अधिकार निरज श्रेष्ठले जानकारी

▶▶ बाँकी ४ पेजमा

### २०७५ यता वन्यजन्तु चोरी सिकारी विषयमा अदालत पुगेका मुद्दा विवरण

- चितुवाको छाला/हड्डी: ११ वटा
- घोरल: ७ वटा
- रेड पाण्डा: ५ वटा
- कस्तुरी मृगको बिना: ४ वटा
- रतुवा: ३ वटा
- भालुको पित्त: ३ वटा
- चरी बाघ: १ वटा
- डाँफे: १ वटा



## कहाँ कति मुद्दा ?

वन डिभिजन कार्यालयहरुको क्षेत्र अनुसार कार्यालयले ४५ वटा मुद्दा अदालतमा पुर्याएका छन् । हुम्लाको डिभिजन कार्यालयले हालसम्म एउटा मुद्दा अदालतमा दर्ता गरेको छ । चरी बाघ सम्बन्धिको यो मुद्दा कार्यालयले २०७८ चैत्र १० गते अदालतमा दर्ता गरेको थियो । मुद्दा दर्ताको करिव एक वर्षपछि फैसला गर्दै अदालतले दोषिलाई एक लाख रुपैयाँ जरिवाना गरेको थियो ।

डोल्पाको कार्यालयले भने कस्तुरीको बिना सम्बन्धि एउटा मुद्दा दर्ता भएको छ । दैलेखमा चितुवाको आखेटोपहार, चितुवाको छाला, जंगली बँदेल मारेको र रेड पाण्डाको छाला ओसारपसारमा मुद्दा अघि बढाएको छ । मुगुमा भालुको पित्त तस्कर लगायतका ७ वटा मुद्दा, जुम्लामा कस्तुरीको बिना सम्बन्धिको एउटा मुद्दा, कालिकोटमा घोरलको आखेटोपहारलगायतका तीन वटा मुद्दा र रुकुम पश्चिममा रतुवा मृग तस्कर सहितको पाँच वटा मुद्दा दर्ता भएका छन् ।

सल्यानमा चितुवाको छाला सहितका ६ वटा मुद्दा, जाजरकोटमा निर बिरालो सहितका नौं वटा

▶▶ बाँकी ४ पेजमा

## तस्करीमा परेका वन्यजन्तुहरु

कर्णालीबाट तस्करी गर्न थालिएका वन्यजन्तुहरुमा छालाको लागि अवैध तस्कर हुने हाब्रे (रेड पाण्डा) सहित २०७५ यता पाँच वटा मुद्दा अदालतमा दर्ता भएका थिए । २०७१ यता कस्तुरी मृगको बीना तस्करी सम्बन्धिको चार वटा मुद्दा दर्ता भएका छन् ।

हिउँ चितुवा तर्फ यसको छाला, हड्डी र बोसोहरु तस्करी हुने गर्छ । त्यसैगरी २०६६ यता चितुवाको छाला तथा हड्डी तस्करीमा ११ वटा मुद्दा दायर भएका छन् ।

कालो भालुको पित्त, हड्डी र छाला तस्करी तर्फ तीनवटा मुद्दा दर्ता भएको देखिन्छ । चरी बाघको छाला तस्करी सम्बन्धि मुद्दा संख्या एक रहेको छ । घोरलको मासु, हड्डी र सिङको तस्करी तर्फ सात वटा मुद्दा दर्ता भएका छन् ।

रतुवा तस्करीमा तीन वटा र डाँफे तस्करीमा एक वटा मुद्दा अदालतमा दर्ता भएको मन्त्रालयले जनाएको छ ।

# प्रतिष्ठानमा उपचार सेवा सुधारको माग

◣युग संवाददाता
जुम्ला, २५ असोज ।

जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र सुधारको माग गरिएको छ । नेपाल कम्युनिष्ट पार्टी चन्दननाथ-२ पार्टी कमिटीले प्रतिष्ठानका उपकुलपति डा. मंगल रावललाई ज्ञापनपत्र बुझाएका छन् ।

(माओवादी केन्द्र) चन्दननाथ- २ पार्टी कमिटीले बिरामी उपचार सेवामा सुधार गर्नुपर्ने लगायतका ६ वटा माग गर्दै बुधबार उपकुलपति समक्ष ज्ञापन पत्र बुझाएको हो ।

प्रतिष्ठानका उपकुलपति डा. मंगल रावललाई ज्ञापन बुझाउँदै नेकपा (माओवादी केन्द्र)ले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान हाता भित्र रहेको फोहोर सम्बन्धित पक्ष संग समन्वय गरी छिटो भन्दा छिटो हटाउने व्यवस्था मिलाउनु पर्ने, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत चिकित्सक, प्राध्यापक र कर्मचारीहरुको वृत्ति विकास र व्यवहारमा कुनै राजनितिक दलको आस्थाका आधारमा नभई कार्यसम्पादनका आधारमा मूल्याङकन गरिनु पर्ने माग गरिएको छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान भित्रका आश्यक ल्यावहरुको स्तरवृद्धिका साथै बिग्रेका मेसिनहरुको मर्मत कार्य हुनुपर्ने, संस्थालाई आवश्यक पर्ने जुन सुकै तहका कर्मचारीहरु संस्थाको मापदण्डअनुसार खुल्ला प्रतिस्पर्धा मार्फत भर्ना गरिनु पर्ने,हस्पिटल भित्रका शौचालयहरुको मर्मत तथा सरसफाईमा विषेश ध्यान दिनु पर्ने, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्न आउने निम्न आयस्रोत भएका गरिब बिमा नगरेका बिरामीहरुलाई सम्पुर्ण सेवाहमा ३०% छुटको व्यवस्था गरिनु पर्ने र प्रतिष्ठानको वृद्धि विकासका लागि गुनासो पेटीका प्रत्येक वार्डमा राखी उक्त गुनासो पेटीका हरेक महिनाको अन्तिममा पत्रकारहरुको उपस्थितिमा खोली सुझाव अनुसार समस्याको पहिचान गरी कार्यन्वयन गरिनुपर्ने माग गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) चन्दननाथ-२ वडा अध्यक्ष लक्ष्मी शाही र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) चन्दननाथ-२ वडा कमिटी इन्चार्ज सुरेश भण्डारी द्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ, 'प्रतिष्ठानका पदाधिकारीहरु मुख दर्शक भई आफ्नो सेवासुविधामा मात्रै केन्दीत भएर प्रतिष्ठानका कैयौ समस्याहरु समाधान नगरी केबल श्रम शोषण सहितको नियम मापदण्ड विपरित कर्मचारी भर्ना गर्ने राजनितिक दलको भर्ती केन्द्र जस्तो बनेको छ ।'

इन्चार्ज भण्डारीले झतमाम विकृतिहरु सहेर बस्न सकिदैन, समस्या र विकृतिको तत्काल सुधार नगरे दिर्गकालीन भविष्यका निम्ति जस्तो सुकै आन्दोलन गर्न तयार हुने चेतावनी दिएका थिए । आन्दोलनबाट हुने सम्पुर्ण क्षेती सम्बन्धित निकाय आफै जवाफदेही हुनुपर्ने बताए । रोगीको उपचार गर्ने प्रतिष्ठानका मेशिन बिग्रिएर थन्किरहने भएकोले सुधार गर्नुपर्ने बताए । शिक्षण अस्पताल जुम्लाको हाताभित्र जम्मा गरेर राखेको फोहोर करिव नौं महिनादेखि उठ्न सकेको छैन । फोहोरका कारण अस्पतालमा दुर्गन्ध फैलिने खतरा छ । अस्पतालभित्रको शव घर नजिकैको खाली जमिनमा खुला रुपमा फोहोर थुप्रिएकोले दिनप्रतिदिन दुर्गन्ध फैलिइरहेको छ ।

प्रयोग गरिएका सिरिन्जहरूदेखि शल्यक्रिया गर्दा प्रयोग भएका औजार उपकरणहरू जथाभावी फालिएको अवस्था छ । अस्पतालजस्तो संवेदनशील क्षेत्रमा फोहोर उठ्न नसक्नु विडम्बना भएको वाइसीएलकी केन्द्रीय सदस्य संगिता आचार्यले बताइन् ।

# लागूपदार्थसहित एक जना पक्राउ

सुर्खेत, २५ असोज । युस

प्रहरीले लागूपदार्थ सहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरेन्द्रनगर-८ निवासी २६ वर्षिय खगेन्द्र सारु रहेका छन् ।

लागूऔषध ब्युरो सुर्खेत बाट खटिएको पाँच जनाको प्रहरी टोली र कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतबाट खटिएको तीन जना प्रहरी टोलीले वीरेन्द्रनगर -१० बाट उनलाई पक्राउ गरेको हो ।

सारुको साथमाबाट १५ पुडिया ब्राउन सुगर फेला परेको कर्णाली प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# मनपरी भाडाले यात्रु मर्कामा

कालीकोट, २५ असोज । युस

यात्रुको चाप बढ्ने समयमा स्थानीय यातायात व्यवसायीको मनपरी यसपालि पनि देखिन थालेको छ । दसैंतिहार, नयाँ वर्ष वा अन्य कुनै बेला पनि यात्रु केन्द्रित समयमा यातायात व्यवसायीले मनपरी भाडा असुल्ने र यात्रुमाथि पशुको जस्तै व्यवहार गर्ने गरेका छन् ।

काठमाडौंबाट कालीकोट आउने यात्रुले जुम्ला पुग्न टिकट लिन बाध्य बनाइएको छ । यातायात व्यवसायी तथा टिकट काउन्टरका कर्मचारीले यस्तो बाध्यता सिर्जना गरेका हुन् । लामो दुरीका सुर्खेत, कालीकोट, जुम्लाका लागि छुट्ने यातायातमा पनि उस्तै मनपरी रहेको छ । कालीकोट रास्कोट नगरपालिका-२ का हिक्मत खड्का रास्कोट जान जितेसम्मको टिकट लिन बसपार्क गएका हुन् । काउन्टरका कर्मचारीले जुम्लाको गाडीमा सिट रहेको र टिकट पनि जुम्लासम्मकै लाग्ने भएकाले दुई हजार पाँच सय रुपियाँ दिन भनेको गुनासो गरे ।

यात्रु खड्काले आफ्नो घरसम्मकै गाडी भाडा तिर्नुपर्ने भए पनि यातायात व्यवसायीले त्योभन्दा टाढासम्मको टिकट शुल्क लिने गरेको बताए ।

Our experience 22 years in printing

कर्णाली प्रदेशमै पहिलोपटक (20"x30" & 19"x25")
HEIDELBERG Multicolour Printing Machine

25000 Printing per Hour

BC Group
रंगीन छपाई सुर्खेतमै

Book & Copy Production | 4 colour Design & Print | Wedding Card | Flex Print | Auto Stamp



CMYK

BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(Quality & Quantity Printing House)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area
Office: +977-083-521615 | Cell: +977-9858067999
E-mail: pressbhawani@gmail.com
Page: https://www.facebook.com/Bhawani-Offset-Press

## सम्पादकीय....

# लागुपदार्थ नियन्त्रणमा सामाजिक सहकार्यको आवश्यकता !

मानिसले प्रयोग गर्ने कुनैपनि औषधी जसको सेवन गर्दा केन्द्रीय स्नायू प्रणालिमा प्रभाव पार्नुको साथै प्रयोगकर्ताको भावना तथा सोचाइमा परिवतएन ल्याउछ भने त्यसलाई लागु पदार्थ भनिन्छ । लागु पदार्थका रुपमा औषधीहरुलाई गलत प्रयोग तथा यसले मानसिक चेतना, अनुभूति र मनोभावलाई प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याने वस्तु नै लागुपदार्थ हो । विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार लागुपदार्थ भनेको कुनै पनि किसिमको रसायनिक पदार्थ हो, जुन स्वास्थ्य शरीरको लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक कार्य तथा मानिसको व्यवहारमा परिवर्तन ल्याउन सक्छ। लागु पदार्थ नियन्त्रण ऐन, २०३३ का अनुसार लागु पदार्थ भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम वा तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झारपात, अफिम वा कोकाको सार तत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने पदार्थ र सरकारले तोकिदिएका प्रकृतिक तथा कृतिम लागु पदार्थ तथा मनोद्विपक पदार्थ सम्झनु पर्दछ । नेपालको कानुन अनुसार लागु पदार्थको अवैध ओसार पसार, संचय तथा प्रयोग गर्न बन्देज लगाएको छ। लागु औषधको दुरुपयोको समस्या दिनानुदिन भुषको आगो झै फैलिरहेको छ। विशेष गरेर किशोर किशोरी अथवा बिद्यालयका विद्यार्थीहरु बढि यसवाट प्रभाबित हुन पुगिरका छन् । भविस्यका कर्णधार यूवा यूवतिहरु लागु पदार्थ जुठाउनको लागी चोरी, डकैति, लुटपाट, हत्या बलत्कारतिर समेत उन्मुख हुदै गइरहेका छन् । अर्कोतर्फ लागु पदार्थ प्रयोगकर्ताहरुको स्वास्थ्य कमजोर हुदैजाने भएकाले यसवाट व्यक्ति, परिवार, समाज र राष्ट्रलाईनै ठुलो क्षति हुन पुग्छ । अर्कोतिर लागु पदार्थका कारोबारी पिचासहरुले पनि आफ्नो व्यापार यूवा मार्फत संचालन गर्दै आईरहेका छन् ।

यी सवै कारणहरुले लागु पदार्थ दुरुपयोगलाई नियन्त्रण गर्नु अनिवार्य भएको छ। लागु पदार्थ दुरुपयोग तथा अवैध ओसार-पसारलाई अन्तर्राष्ट्रिय रुपमै अपराधको रुपमा हेरिन्छ। लागु पदार्थ दुरुपयोग कुनै एक देशको सीमाभित्र मात्र सिमित रहदैन, यस्को उत्पादन, ओसार-पसार, विक्री वितरण र प्रयोग बिभिन्न मुलुकका बिभिन्न स्थानमा हुने भएकोले यसलाई नियन्त्रण गर्नुमा विश्वकै चासो रहने गर्दछ। कसै-कसैले त यसलाई लाखौंको संख्यामा अनुमान गर्ने गरका पनि छन्। वि .सं. २०६३ सालमा नेपाल सरकारले लागुपदार्थ नियन्त्रण राष्ट्रिय नीति जारी गर्दा समेत दस वर्षअगाडि नै यो संख्या पचास हजार नाघिसकेको प्रक्षेपण गरेको थियो । त्यो अनुसार र प्रतिवर्ष दस प्रतिशतका दरले यो संख्या बढिरहेको मान्ने हो भने पनि यो संख्या हाल करिब दुई लाखको हाराहारीमा पुग्न सक्छ । तर खुसीको कुरा २०६३ सालमानै सार्वजनिक भएको आधिकारिक सरकारी तथ्याङ्क (केन्द्रिय तथ्याङ्क विभागले गरेको सर्वेक्षण)ले भने त्यति ठूलो संख्या नभएर व्यवस्थापन गर्न सकिने साइजमा कूल ४६ हजार तीन सय १० नै यस्ता प्रयोगकर्ताहरू भएको देखाएको छ ।

लागुपदार्थ सेवनले सेवनकर्ताको एकाग्रता घटी सोच्ने, बुझ्ने र सम्झने शक्तिमा ह्रास आउने मात्र होइन, उसलाई भ्रमित तुल्याई गलत निर्णय गर्नमा प्रेरित गर्दछ। यसले सेवनकर्ता, उसको परिवार र समाज मात्र होइन राष्ट्रलाई नै ठूलो क्षति पुऱ्याउँछ । सेवनकर्ताको अकाल र असामयिक मृत्यु र समाज विकासको गतिरोध नै लागुपदार्थको परिणाम हो । त्यसैले, हामी सबै मिलेर यसको प्रभावलाई अन्त्य गर्न जरुरी छ। यसका साथै हाल कर्णाली प्रदेश प्रहरीको 'लालटिन अभियान'मा समेत टोल स्तरदेखि देखि स्थानीय तह र प्रदेश सरकार सबैको हातेमालो आवश्यक छ ।

# विदेशमा आर्जन, स्वदेशमा उपयोग



महेशकुमार श्रेष्ठ

प्रवासीहरूको तन, मन, धन, स्नेह र माया स्वदेशप्रति धेरै छ ।

अहिले बिदेसिने युवाहरूको लस्कर बढ्दो छ। विद्यार्थी भिसा च्यापेर होस् वा श्रम भिसा देश छाड्नेहरूको संख्या कम छैन । तथ्यांकले भन्छ, दैनिक औसत २५ सय नेपाली बिदेसिदैछन् ।

यो खुसीको कुरा होइन । यद्यपि यसमा हामीले दुःख मनाऊ गर्नु पनि समस्याको हल होइन। यद्यपि हरेक समस्याहरूको समाधान खोज्नेभन्दा पनि त्यसलाई अवसरमा बदल्ने कुरा बढी जरुरी जस्तो लाग्छ। बिदेसिने क्रमलाई रोक्ने वा बिदेसिएकालाई फर्काउने भन्दा पनि उनीहरूले त्यहाँ आर्जन गरेको पैसा, सीप र ज्ञानलाई स्वदेशको उन्नतिमा लगानी गर्नु अहिलेको लागि जल्दोबल्दो विषय हुन सक्छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार देशभरका १५ लाख ५५ हजार ९ सय ६१ परिवारका सदस्य विदेशमा छन् । केन्द्रीय तथ्यांक विभागले विदेशमा लगभग २२ लाख नेपाली नागरिक रहेको अनुमान गरेको छ । फरकफरक तथ्यांक आए पनि भारतबाहेक करिब ६० लाख नेपाली विदेशमा रहेको मानिन्छ ।

रोजगारीसहित अन्य कारणले विश्वका एक सयभन्दा बढी देशमा नेपालीहरू बसोबास गरिरहेका छन् ।

यी सम्पूर्णलाई एक ढिक्का बनाएर आपसी साथ-सहयोग गर्ने, सामूहिक विकासका ठोस कदम चाल्न गैरआवासीय नेपाली संघ (एनआरएनए) संगठित छ । विदेशमा रहेका नेपालीहरूका यो साझा संस्था अहिले ८७ देशमा विस्तार भइसकेको छ ।

यो पृष्ठभूमिमा विदेशमा रहेका नेपालीहरूलाई अझ व्यवस्थित गरेर उनीहरूले आर्जन गरेका सीप, ज्ञान र पैसा स्वदेशमा उपयोग एवं लगानी गर्ने वातावरण थप सहज र सरल बनाउन सकिन्छ। जब देशमै उद्योग-व्यवसाय फस्टाउन थाल्छ, आयआर्जन बढ्छ, रोजगारको अवसर खुला हुन्छ । स्वदेशलाई समुन्नत र समृद्ध बनाउन सकिन्छ।

यतिबेला गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) ११ औं महाधिवेशनको संघारमा छ । गैरआवासीय नेपालीहरूको साझा र पवित्र संस्थामार्फत मुलुकमा लगानी भित्र्याउने विषय नेतृत्वदायी भूमिकामा रहने व्यक्तिको सोच र दृष्टिकोणले निर्धारण गर्ने हो ।

यसका लागि संस्थाको गर्विलो इतिहासलाई जोगाउँदै विश्वभरका गैरआवासीय नेपालीलाई एउटै सूत्रमा बाँधेर अगाडि बढ्नुपर्ने हुन्छ । अतः भरोसायोग्य, विश्वसनीय र संगठित एनआरएनए बनाउन पवित्र मन र दृढता जरुरी छ । समृद्ध र समुन्नत नेपालको साझेदार बन्न 'सबल, साझा र एकताबद्ध एनआरएनए, परिणाममुखी, पारदर्शी र समावेशी एनआरएनए' को नारालाई सार्थक बनाउनैपर्छ ।

एनआरएनएले सहज र सरल ढंगले स्वदेशमा लगानी गर्ने वातावरण बन्यो भनेमात्र वैदेशिक लगानी भित्रिने भएकाले लगानीको वातावरण बनाउने सबालमा सरकार गैरजिम्मेवार बन्न सक्दैन र बन्न मिल्दैन ।

सरकारले गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनको सुरुवात गर्नु एउटा सकारात्मक पहल हो, तर वंशजको आधारमा प्राप्त नेपाली नागरिकताको निरन्तरताका लागि पनि नेपाली राजनीतिक दलहरू र सरकार सकारात्मक हुनुपर्छ ।

काठमाडौंस्थित एक अनुसन्धान संस्था, आईआईडीएसले हालै गरेको एक अध्ययनले नेपालका सूचना प्रविधि कम्पनीहरूले एक वर्षमा झन्डै ६८ अर्ब रुपैयाँबराबरको सूचना प्रविधि सेवा निर्यात गरिरहेको देखाएको छ ।

आईटी सेवा निर्यातले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १.४ प्रतिशत र कुल विदेशी मुद्रा आर्जनमा ५.५ प्रतिशत योगदान पुऱ्याएको पनि प्रतिवेदनमा भनिएको छ । यी त नयाँ क्षेत्र भए, यसबाहेक कृषिलाई आधुनिकीकरण तथा पर्यटन र औद्योगिक क्षेत्रलाई पुनरुत्थान गरेर हामीले अर्थतन्त्रलाई नयाँ गति दिन सक्छौं, देशभित्रै रोजगारी सिर्जना गर्न सक्छौ र दैनिक विदेश गइरहेका हजारौं युवायुवतीमध्ये धेरैलाई देशभित्रै सम्मानित रोजगारीको व्यवस्था गर्न सक्छौं ।

विदेशमा बस्ने नेपालीहरूको कमाइ स्वदेशी माटोमा लगानी गर्नका लागि एक बृहत् महाअभियानको थालनी गर्नुपर्छ।

अध्ययन, रोजगारी साथै अन्य कारणले बिदेसिनु हामी नेपालीको बाध्यता जस्तै छ। तर संसारका जुनसुकै कुनामा पुगे पनि मातृभूमिको माटोप्रति अगाध प्रेम रहने गर्छ ।

विदेशमै बसेर जन्मभूमि अर्थात् मातृभूमिको प्रवर्द्धन र प्रचारका लागि गैरआवासीय नेपालीहरूको सक्रिय सहभागिता गराउनका लागि 'एक साथी नेपाल पठाउँ', 'नेपाली भाषा र संस्कृति जोगाऔं' अभियान गर्ने र नेपाल फेस्टिभलजस्ता कार्यक्रमलाई संसारभर सञ्चालन गर्न सक्दा नेपालको दिगो विकास र समृद्धिमा सघाउ अवश्य पुग्नेछ ।

प्रवासीहरूको तन, मन, धन, स्नेह र माया स्वदेशप्रति धेरै छ । यसको उदाहरण विनाशकारी महाभूकम्प, विश्वभर महामारीका रुपमा भित्रिएको कोरोना भाइरसका बेला पठाएको मानवीय, प्राविधिक र आर्थिक सहयोगबाट प्रस्ट हुन्छ ।

त्यसैले अबको एनआरएनएले नेपालमा लगानी भित्र्याउन विदेशमा रहेका नेपालीहरूमा प्रोत्साहन र अवसर सिर्जना गर्नु जिम्मेवारी ठान्नुपर्छ ।

प्रवासमा रहेका नेपालीहरूको सम्मान र नेपाल र नेपालीको समृद्धि अबको महाअभियान हुनुपर्छ । आफ्नो स्थापनाकालदेखि नै संघले नेपाल सरकारसँग साझेदारी गर्दै आएको छ ।

> आर्जित ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशको विकास र समृद्धिका लागि सरकारसँग सहकार्य गर्नुपर्छ। श्रम तथा सीप बैंक स्थापनालाई प्राथमिकतामा राख्नुपर्छ।

नेपालीहरूले विदेशमा आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशको विकास र समृद्धिका लागि उपयोग गर्न सरकारसँग सहकार्य गरी श्रम तथा सीप बैंक स्थापनालाई प्राथमिकतामा राख्नुपर्छ ।

संसारभरि रहेका एनआरएनए राष्ट्रिय समन्वय परिषद्हरूले आआफ्नो हिसाबले नेपालमा उत्पादन भएका चिया, कफी, वास्तुकला, हस्तकलाका सामग्रीहरूको बिक्री वितरणमा सघाउँदै आएका छन् ।

तर नेपाली उत्पादनहरूको गुणस्तर सुनिश्चित गर्दै विश्व बजारमा नेपाली निर्यात वृद्धि गर्न नेपालका सरकारी निकाय तथा विदेशस्थित दूतावाससँग निकट सहकार्य गर्न संघ तत्पर छ ।

निजी क्षेत्रको अग्रणी संस्था (एफएनसीसीआई) ले तयार पारेको 'भिजन पेपर' मा सन् २०३० सम्ममा नेपालको अर्थतन्त्रको आकार करिब १०० अर्ब डलर पुऱ्याउने लक्ष्य राखेको छ ।

अहिले नेपाली अर्थतन्त्र ४० अर्ब डलरभन्दा केही बढी भएको अनुमान गरिएको छ । त्यसैले यो लक्ष्य महत्त्वाकांक्षी देखिन्छ, तर सम्भव नहुने पनि होइन । गैरआवासीय नेपाली हुन् या स्वदेशमै रहेका व्यवसायीहरू किन नहुन यस्तो भिजनमा सहकार्य गर्न उत्सुक छन् ।

यसका लागि गम्भीर बहस, तथ्य र तथ्यांकमाथि विश्लेषण गरी विदेशमा भएका अभ्यासहरूलाई आत्मसात् गरेर अघि बढ्नुपर्ने आवश्यकता छ ।

तर, सरकार बाधक होइन सहजकर्ता बन्नुपर्छ ।

सरकारले समयमै कानुनी र नीतिगत सहजीकरण नगर्दा घोषणा गरिएका ठूला लगानीले मूर्तरूप पाउन सकेको छैन। यसको पछिल्लो उदाहरण गैरआवासीय नेपालीहरूको पुँजीलाई जन्मभूमिको विकासका लागि योगदान गर्ने उद्देश्यले सुरु गरिएको रु १० अर्बको सामूहिक लगानी कोष हो ।

यो कोष अबको दुईवर्षे कार्यकालमा कार्यान्वयन नगरी सुखै छैन । जन्मभूमिको विकासका लागि योगदान गर्न चाहने सबै गैरआवासीय नेपालीहरू समेट्ने उद्देश्यले कोषमा न्यूनतम २५० डलर लगानीको अवसर प्रदान गर्नुपर्ने आवश्यक छ ।

गैरआवासीय नेपालीहरूको लगानीलाई सुनिश्चित गर्न तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई पनि लगानी कोषमा समेट्नका लागि आवश्यक कानुनहरूलाई समयानुकूल परिमार्जित तथा संशोधन गर्दै लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन जरुरी देखिन्छ ।

नेपाल सरकारले केही समयअघि वैदेशिक लगानीको सीमा पाँच करोड रुपैयाँबाट घटाएर दुई करोडमा ल्याएको छ ।

तर हामी एनआरएनहरूका लागि वैदेशिक लगानीमा सीमा नतोकियोस् भन्ने चाहन्छौं । नेपाली सरह एनआरएनहरूलाई पनि लगानी गर्न दिँदा त्यसले नेपालमा रोजगारी प्रवर्द्धन र आर्थिक गतिविधि वृद्धिमा सघाउ पुग्छ, नेपाली अर्थतन्त्र मजबुत बनाउन सकिन्छ ।

नेपालको समृद्धिमा एनआरएनएको साझेदारी बलियो बनाउन भावी नीति, रणनीति, कार्ययोजना तथा दसवर्षे विस्तृत भिजनरी दस्तावेज तयार गर्न विशेषज्ञहरू सम्मिलित एक उच्चस्तरीय समिति गठन गरेर काम गर्ने लक्ष्य लिनुपर्छ। त्यसका साथै एक एनसीसी, एक परियोजना'लाई एनआरएनए फाउन्डेसनमार्फत एकीकृत रूपमा अघि बढाउन सकिन्छ ।

*(अन्नपूर्ण)*

## युगवाणी ॥

सफलता प्राप्त गर्न चाहने व्यक्तिले पहिला आफ्नो लक्ष्य निर्दिष्ट गर्छ र सोहिअनुसार तयारीपनि गर्छ । बिना तयारी गरिने कार्य आधामै तुहिन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |

## पंचांग

| | | |
|---|---|---|
| **शक संवत्** १९४५ | | **नेपाल संवत्** ११४३ ञलगा |
| पिङ्गल | दक्षिणायन | शरद |
| शुक्रवार | | आश्विन कृष्णपक्ष |
| **तिथि** | चतुर्दशी २१:२८ बजेसम्म, त्यसपछी औंसी | |
| **नक्षत्र** | उत्तरफाल्गुनी १५:०४ बजेसम्म, त्यसपछी हस्त | |
| **योग** | ब्रह्म १२:०२ बजेसम्म, त्यसपछी ऐन्द्र | |
| **करण** | भद्रा ०८:३७ बजेसम्म, त्यसपछी शकुनि २१:२८ बजेसम्म, त्यसपछी चतुष्पद | |
| **चन्द्रराशि** कन्या | | **आनन्दादि योग** शुभ |
| **दिनमान** ११:३३ | **सूर्योदय** ६:०३ | **सूर्यास्त** १७:३६ |
| भद्रा ८:३७ सम्म | | |
| **सूर्योदय कालिन ग्रहस्पष्ट तालिका राशि, अंशा, कला र विकलामा** | | |
| **सूर्य** ५\|२४\|३७\|३३ | | **चन्द्र** ५\|५\|२५\|४३ |
| **मंगल** ६\|५\|२८\|१ | | **बुध** ५\|२०\|५६\|१५ |
| **बृहस्पति** ०\|२०\|४\|४२ | | **शुक्र** ४\|८\|४४\|४ |
| **शनि** १०\|३\|१३\|४५ | | **राहु** ०\|०\|१२\|५७ |
| **क्रान्ति** द ७\|३० | | **वेलान्तर** (-)१४:३० |

## आजको राशिफल

**मेष** — आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला। शुभकार्यको चर्चा चल्नेछ। नयाँ काममा हात हाल्ने समय छ।

**वृष** — जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। सौन्दर्यतामा धन खर्च हुनेछ। सरकारी निकायको भय रहला।

**मिथुन** — आज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ। बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ। ताकेको कार्य पनि पुरा होला।

**कर्कट** — आज सामाजिक र धार्मिक कार्यमा रुचि बढ्नेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ। नजिकैका व्यक्तिबाट साथ र सहयोग पनि पाइनेछ।

**सिंह** — आज नयाँ कामको थालनी हुनेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ।

**कन्या** — आज लाभहानी, सुखदुःख बराबरी खालको समय छ। सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ। ज्ञानमा वृद्धि पनि हुनेछ।

**तुला** — आज कुनै समाचारले मनमा शान्ति छाउनेछ। नयाँ कार्यको योजना बन्नेछ। प्रेमीको सहयोग पाइनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ।

**वृश्चिक** — आज रोकिएका काम पुनः सुरु हुन सक्छन्। शुभकार्यको चर्चा चल्नेछ। पुँजी बजारले साथ दिनेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**धनु** — आज कुनै शुभ समाचारले मनमा शान्ति छाउनेछ। गरेका कामबाट राम्रै लाभ हुनेछ। धर्मकर्ममा मन लाग्नेछ। प्रेम सम्बन्ध पनि कसिलो हुनेछ।

**मकर** — अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ। निर्णय कार्यान्वयन हुन सक्दैनन्। मनमा दुबिधा उत्पन्न हुनेछ। मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला।

**कुम्भ** — आज जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा सफलता मिल्नेछ। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ।

**मीन** — नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ। नयाँ कामको थालनी होला। मान प्रतिष्ठामा वृद्धि होला। आफन्तको प्रगतिमा मन रमाउनेछ।

# पेनडाउन गरेर पालिकाको गेटमा धर्ना

**युग संवाददाता**
**सुर्खेत, २५ असोज ।**

सुर्खेतको सिम्ता गाउँपालिकामा आन्दोलनरत कर्मचारीले विहिवार पनि अत्यावश्यक वाहेक अन्य सेवा ठप्प पारेका छन् ।




पालिकामा कर्मचारीले पेनडाउन गरेर आन्दोलनमा उत्रिँदा सेवा प्रभावित वनेको छ । एकीकृत निजामती सेवा ऐन जारी गर्नुपर्ने, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था गरिनुपर्ने, बिना सहमति सात सय ५३ स्थानीय तहमा वैज्ञानिक पूर्वअनुमानयोग्य चक्रीय प्रणालीमा सरूवा गर्नुपर्ने, तीनै तहका कर्मचारीको समान वृत्तिविकास गर्नुपर्ने लगाएतको माग रहेको संघर्ष समितिका संयोजक वुद्दिप्रसाद गौतमले जानकारी दिए ।

त्यस्तै, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कर्मचारी कल्याण कोषको अनिवार्य व्यवस्था गर्नुपर्ने, अस्थायी तथा करार कर्मचारीको उचित व्यवस्थापन गरिनुपर्ने स्थानीय तहका कर्मचारीलाई ट्रेड युनियनको अधिकार प्रदान गर्नुपर्ने, स्थानीय सेवाका कर्मचारीलाई निजामती अस्पतालबाट प्राप्त हुने सेवासुविधामा सहुलियत उपलब्ध गराउनुपर्ने, समायोजनका कर्मचारी (सर्वोच्च अदालतको निर्देशनात्मक आदेश पालना गरी) को उचित व्यवस्थापन गर्नुपर्ने, जुनसुकै तहमा बहाल रहेका कर्मचारीलाई तीनै तहको विज्ञापनमा उमेर हद नलाग्ने र सेवा अवधि जोडिने व्यवस्था गरिनुपर्ने माग राखेर कर्मचारी आन्दोलनमा रहेका हुन् ।

उक्त मागहरु राखेर १९ गतेदेखि निरन्तर सिम्ता गाउँपालिकामा कार्यरत कर्मचारी आन्दोलित छन् । निरन्तर आन्दोलन जारी राखेका कर्मचारीले बिहिवार पनि पेनडाउन गरेर पालिकाको गेटमा धर्ना जारि राखेका छन् ।

कर्मचारीले अत्यावश्यक काम बाहेक सबै सेवा दिनभर ठप्प पारेका छन् । आफूहरुले अघि सारेका मागहरु पूरा नभएसम्म आन्दोलन जारी रहने संघर्ष समितिका सह-संयोजक गोपाल सहानी क्षेत्रीले जानकारी दिए । विरोध कार्यक्रमले गर्दा गाउँपालिले प्रदान गर्ने सेवा पूर्णरुपमा ठप्प भएको थियो । स्थानीय तहका कर्मचारी आन्दोलित हुँदा दैनिक सेवा प्रवाहमा असर देखिन थालेको छ ।

सरकारी सेवा लिनुपर्ने पहिलो खुट्किलोको रूपमा रहेको स्थानीय तहमै कर्मचारी आन्दोलित हुँदा घटना दर्ता, सिफारिसदेखि प्रशासनिक कामहरू प्रभावित भएका छन् । कर्मचारीको आन्दोलनले दैनिक सेवा प्रवाहमा असर देखिन थालेको गाउँपालिकाले जनाएको छ ।

---

दर्ता नं. : ३६/०६७/०६८
पाना नं. : ३०५२०४५९४

## श्री साझा बचत तथा ऋण सहकारी संस्था लि.

### कर्मचारी आवश्कता समबन्धि सूचना

यस साझा बचत तथा ऋण सहकारी संस्था लि. लाई तपशिल बमोजिमको योग्यता पुगेको कर्मचारी आवश्यक परेको हुँदा आवेदन दिन इच्छुक नेपालि नागरिकले सुचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस सहकारी संस्थाको कार्यालय वीरेन्द्रनगर ०९ ,मंगलगाढि मिलनटोल सुर्खेतमा तोकिएको ढांचामा आवेदन दिनहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स | विज्ञापन नं. | तह | कार्यस्थल | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | २०८०-०८१-०१ | चौंथो तह (कार्यालय सहायक) | संस्थाको कार्यालय विरेन्द्रनगर, सुर्खेत | १ जना | कम्तिमा प्रमाणपत्र तह (+२) उतीर्ण गरेको । (व्यवस्थापन विषय लिई उतिर्ण गरेकालाई विशेष प्राथमिकता) |

१) कम्प्यूटर सम्बन्धि ज्ञान : M.S. Word, M.S. Excl, Email / Internet सम्बन्धि राम्रो ज्ञान भएको ।
२) सेवाको किसिम : कार्यगत रोजगारी (करार) ।
३) तलब तथा सुबिधा : आपसि समझदारी अनुसार ।
४) अनुभव : सहकारी तथा वित्तिय क्षेत्रमा २ वर्ष काम गरेका र स्थानिय लाई विषेश प्राथमिकता ।
५) उम्मेदवार को उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६) उम्मेदवारको छनोट विधि : कम्प्यूटर सीप परिक्षण र अन्तरवार्ता ।
७) आवेदन सुल्क : रु २५०
८) दरखास्त फारम बुझाउनका लागि संस्थाको कार्यालय वीरेन्द्रनगर ०९, मंगलगाढि मिलन टोल सुर्खेतमा उपस्थित भई फारम बुझाउन सकिनेछ ।
९) दरखास्त बुझाउदा आवश्यक कागजातहरु
क) आवेदन तथा बायोडाटा (CV) ख) नेपाली नागरित्ताको प्रतिलिपि
ग) पासपोर्ट साइजको फोटो २ थान घ) शैक्षिक, तालिम तथा अनुभवका प्रमाणपत्रहरु ।
१०) दरखास्त सम्बन्धि कुनै जानकारीका लागि : ०८३-५२५३८८,९८५८०५३१८६

(पुनश्च : रित नपुगि वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन, रित पुर्वक प्राप्त दरखास्त मध्य छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र छनोट प्रक्रियाका लागि सम्पर्क गरिनेछ ।)

पदपूर्ति उप समिति
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**

वीरेन्द्रनगर-०५, सुर्खेत
०८३-५२५३८८
sajhasaving388@gmail.com

---

## श्री गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लि.
SHREE GANESHJAL MULTIPURPOSE CO-OPERATIVE LTD.

मुख्य कार्यालय : वीरेन्द्रनगर - ३ जुम्लारोड सुर्खेत

### कर्मचारी आवश्यकता

प्रकाशित मिति: २०८०/०६/२३

यस श्री गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लि. हाल संचालन भैरहेका मुख्य कार्यालय तथा सेवा केन्द्रका साथै संचालनको अन्तिम तयारीमा रहेका कालिञ्चोक र मुलपानी सेवा केन्द्रका लागि निम्नानुसारको पद मा केही संख्यामा जनशक्तिको आवश्यकता परेको हुँदा तपशिल अनुसारको योग्यता भएका ईच्छुक व्यक्तिहरुवाट आवश्यक कागजातका साथ खुल्ला प्रतिस्पर्धाको लागि निवेदन आह्वान गरिन्छ ।

**मुख्य कार्यालय : वीरेन्द्रनगर-३, जुम्लारोड सुर्खेत**

| पद | आवश्यक संख्या | न्यूनत्तम योग्यता |
|---|---|---|
| सहायक | १ जना | - वाणिज्य विषयमा स्नातक तह उतिर्ण,<br>- कम्प्यूटर सम्वन्धि ज्ञान भएको,<br>- २१ वर्ष पुरा भई ३५वर्ष ननाघेको । |
| फिल्ड सहायक | २ जना | - वाणिज्य विषयमा प्रविणता प्रमाण पत्र तह वा +२ उतिर्ण<br>- कम्प्यूटर सम्वन्धि ज्ञान भएको<br>- २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |
| प्रशिक्षार्थी कर्मचारी | २ जना | |

**प्रस्तावित सेवाकेन्द्र : कालिञ्चोक**

| पद | आवश्यक संख्या | न्यूनत्तम योग्यता |
|---|---|---|
| फिल्ड सहायक | २ जना | - वाणिज्य विषयमा प्रविणता प्रमाण पत्र तह वा +२ उतिर्ण<br>- कम्प्यूटर सम्वन्धि ज्ञान भएको,<br>- २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |
| प्रशिक्षार्थी कर्मचारी | १ जना | |

**प्रस्तावित सेवाकेन्द्र : मुलपानी**

| पद | आवश्यक संख्या | न्यूनत्तम योग्यता |
|---|---|---|
| फिल्ड सहायक | २ जना | - वाणिज्य विषयमा प्रविणता प्रमाण पत्र तह वा +२ उतिर्ण,<br>- कम्प्यूटर सम्वन्धि ज्ञान भएको,<br>- २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |
| प्रशिक्षार्थी कर्मचारी | १ जना | |

**आवश्यक कागजपत्र :**
१. उम्मेद्धार नेपाली नागरिक हुनुपर्नेछ । उमेर २१ वर्ष पूरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ ।
२. आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम आवश्यक कागजातको प्रतिलिपि र व्यक्तिगत विवरण (**Bio-Data**) सहित हस्तलिखित निवेदन संस्थाको मुख्य कार्यालय जुम्लारोडमा बुझाउनु पर्ने छ ।
३. आवेदन शुल्क सहायक रु.५००।- फिल्ड सहायक रु.४०० ।- प्रशिक्षार्थी कर्मचारी रु.१००।-संस्थाको मुख्य कार्यालयको बचत हि.न.00122003670 (Gmc Sewa Aayog) खातामा जम्मा गरी जम्मा गरेको भौचर आवेदन फाईलमा अनिवार्य राख्नुपर्ने छ । यो खातामा ईसेवा र खल्ती बाट पनि रकम जम्मा गर्न सकिने छ ।
४. स्थानिय, सवारी चालक अनुमति पत्र भएका तथा अनुभव नभएकालाई विशेष प्राथमिकता दिईनेछ ।
५. निवेदन दिने अन्तिम मितिः २०८० असोज २६ गते शुक्रवार कार्यालय समय सम्म बुझाउन सकिने छ ।
६. छोटो सुचीमा परेका निवेदकहरुलाई मात्र प्रतिस्पर्धा गराईने छ ।
७. उत्तीर्ण उम्मेद्धारले संस्थाले तोके बमोजिम धितो धरौटीको प्रक्रिया पूरा गर्नुपर्ने छ ।
**पुनश्चः** अनावश्यक सिफारिसले आवेदकको योग्यता माथि प्रश्न चिन्ह खडा हुने हो कि ?

**थप जानकारीका लागि :**
फोन नं. ०८३- ५२५०५२, ५२५०५४
टोल फ्रि नं. १६६०८३५२०२०

---

## स्तनपान : बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।**

त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

---

## Barekot Rural Municipality
# Office of Rural Municipal Executive
Limsa, Jajarkot
Karnali Province,Nepal

# Invitation For Sealed Quotation

Date Of Publication:2080/06/26 ( Oct-13-2023 )

Barekot Rural Municipality, Office of Rural Municipal Executive, Limsa, Jajarkot invites bid for supply and delevery for following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Re. |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/080/ 081-01 | CONSTRUCTION OF RUMSIL DEKHI MULSAM SAMMA SADAK NIRMAN BAREKOT-03 | 120 days | 8,273,760.00 | 207,000.00 | 3000.00 | |
| 2 | BRM/NCB/ WORKS/080/ 081-02 | CONSTRUCTION OF CHEEDA DEKHI SERI SADAK NIRMAN BAREKOT -02 JAJARKOT | 120 days | 3,106,380.00 | 77,700.00 | 3000.00 | |

Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2080/07/26 ( Nov-12-2023 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2080/07/26 ( Nov-12-2023) ; at 2:00 PM, At Barekot Rural Municipality Office,Limsa , Jajarkot |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Limsa,Jajarkot , AC.Name Barekot Rural Municipality aantarik Rajaswa Khata 0726401548097091 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Limsa Branch, Account Number : 0726401548097030 |

1. Bidders shall submit their Bids e-copy only . For E-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Barekot Rural Municipality Office, Limsa ,Jajarkot Contact No: 9846114557

2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

Chief Administrative Officer

